समतामूलक समृद्धि र सुखी नेपालको आधार
बालिकाहरूका लागि समान अवसर र अधिकार

बालिकाविरुद्धको विभेद अन्त्य गरौँ ।

# बालिकाहरूको समान अवसर र अधिकारका लागि जागृति बाल तथा युवा सरोकार नेपालद्वारा तयार गरिएको नागरिक स्थिति-पत्र र सुझाव

२०७७

# पृष्ठभूमि

केन्द्रीय तथ्याङ्क विभाग (वि.सं.२०६८) अनुसार नेपालको कुल जनसंख्याको ४१.८२% हिस्सा १८ वर्ष भन्दा कम उमेरका बालबालिकाको रहेको छ। बालबालिकाको कुल जनसंख्याको ४४.१३%संख्या बालिकाहरूको रहेको छ।

नेपालको संविधानको धारा १८ ले लैंङ्गिक आधारमा भेदभाव नहुने, धारा ३८ अन्तर्गत महिलाको हकमा १) प्रत्येक महिलालाई लैङ्गिक भेदभाव विना समान वंशीय हक हुने, (२) प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजनन् स्वास्थ्यसम्बन्धी हक हुने, (३) महिला विरुद्ध धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण नगरिने र त्यस्तो कार्य कानून वमोजिम दण्डनीय हुनेछ र पीडितलाई कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुने, (४) राज्यका सबै निकायमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक हुने, (५) महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक हुने व्यवस्था गरिएको छ।

संविधानको धारा ३९ मा बालबालिकाको हक अन्तर्गत उपधारा ५ मा कुनै पनि बालबालिकालाई बाल विवाह, गैरकानूनी ओसारपसार र अपहरण गर्न वा बन्धक राख्न नपाइने, उपधारा (६) मा कुनै पनि बालबालिकालाई सेना, प्रहरी वा सशस्त्र समूहमा भर्ना वा प्रयोग गर्न वा सांस्कृतिक वा धार्मिक प्रचलनका नाममा कुनै पनि माध्यम वा प्रकारले दुर्व्यवहार, उपेक्षा वा शारीरिक, मानसिक, यौनजन्य वा अन्य कुनै प्रकारको शोषण गर्न वा अनुचित प्रयोग गर्न नपाइने व्यवस्था गरिएको छ।

कानून तथा नीतिले बालिकाहरूका लागि समानता र विभेदहिनताको प्रत्याभूति गरिएता पनि बालक र बालिका बीच अझै पनि सामाजिक, सांस्कृतिक तथा आर्थिक र व्यक्तित्व विकासका क्षेत्रमा विभेदहरू विद्यमान रहेका छन्। बालबालिकाको जन्मको अवस्थालाई हेर्ने हो भने केन्द्रीय तथ्याङ्क विभाग (२०६८) को प्रतिवेदन अनुसार प्रति १०३ बालक बराबर १०० बालिका रहेको देखिन्छ। बालिकाको घट्दो संख्या शहरी क्षेत्रमा (महानगर र उप-महानगरपालिकाहरूमा) अझ बढी देखिन्छ जहाँ १०० महिला बराबर झण्डै १०८ पुरुष रहेका छन्। नेपाल जनसांख्यिक स्वास्थ्य सर्वेक्षण (सन् २०१६) ले नेपालमा १५ देखि ४९ वर्ष उमेर समूहका ३०० महिलाहरूले यदि गर्भमा छोरी रहेको भए गर्भपतन गराउन हुन्छ भन्ने मान्यता राख्ने गरेका छन्। यु.एन.डि.पी.ले प्रकाशन गरेको मानव विकास सुचाङ्क प्रतिवेदन (सन् २०१९) अनुसार नेपालमा पुरुषको मानव विकास सुचाङ्क ०.६१२ भइरहँदा नेपाली महिलाको मानव विकास सुचाङ्क ०.५४९ रहेको छ। त्यसैगरी लैङ्गिक भेदभावको अवस्थाको सुचाङ्कमा नेपाल ०.४७६ अंक सहित १६२ राष्ट्रमध्ये ११४ राष्ट्रभन्दा पछाडि ११५ औँ राष्ट्र रहेको छ।

यसै सन्दर्भमा बालिका अधिकारका लागि आवश्यक नीतिगत व्यवस्था, कार्यक्रम तथा सेवा प्रवाह र सामाजिक एवं सांस्कृतिक रूपान्तरणको आवश्यकता र औचित्यतालाई सार्वजनिक जानकारीमा ल्याउन तथा नीति निर्माता र कार्यान्वयनकर्ताहरूको ध्यानाकर्षण गर्न यो स्थिति-पत्र तयार पारिएको हो। बालिका अधिकारका लागि राष्ट्रिय सञ्जालसँगको सहकार्यमा जागृति बाल तथा युवा सरोकार नेपालले क्यानालानको सहयोगमा बालिका मैत्री र संवेदनशील कार्यक्रम, नीति तथा संरचनाको पैरवीका लागि यो स्थिति-पत्र तयार र वितरण गरेको छ। स्थिति-पत्र तयार गर्न सहयोग गर्ने, लेख्ने, सुझाव प्रदान गर्ने, सबैमा हार्दिक धन्यवाद दिदैँ यसमा उठाईएका सवालहरूलाई कार्यन्वयन गर्न आ–आफ्नो ठाउँबाट योगदान गर्न अनुरोध गर्दछौँ।

**तिलोत्तम पौडेल**

अध्यक्ष

# नेपालमा बालिका सम्बन्धी तथ्यहरू

- मिति २१ पुष २०७७ का दिन सम्म ० देखि १० वर्ष उमेरका २५६४ बालिका र ११ देखि २० वर्ष उमेरका ६०७५ बालिका तथा किशोरीहरू कोरोना संक्रमित भएका छन् (प्रधानमन्त्री तथा मन्त्री परिषदको कार्यालय, २०७७)।

- १५ देखि १९ वर्ष उमेर समूहका १७% किशोरीहरू गर्भवती हुने गर्दछन्। ग्रामिण क्षेत्रमा यो दर २२% छ भने शहरी क्षेत्रमा १३% रहेको छ। प्रदेश अनुसार सबैभन्दा कम वागमति प्रदेश मा १०%, प्रदेश नं. २ मा २७% रहेको छ। यसरी गर्भवती हुने महिलाहरूमध्ये शिक्षित महिलाहरूमा ७% रहेको छ भने अशिक्षित महिलाहरूमा ३३% रहेको छ। साथै ५९% किशोरीहरूको पोषणको अवस्था कमजोर रहेको छ (नेपाल जनसांख्यिक स्वास्थ्य सर्वेक्षण, सन् २०१६)।

- विद्यालय गईरहेका किशोरीहरूमध्ये ४०% ले महिनावारीका कारण कम्तिमा एक दिन विद्यालय अनुपस्थित हुनपरेको बताएका छन्। (किशोरकिशोरी जोखिमी स्वास्थ्य व्यवहार सर्वेक्षण, सन् २०१७)

- आर्थिक वर्ष २०७६/७७ को फागुनसम्म नेपाल सरकारले राष्ट्रपती महिला उत्थान कार्यक्रम अन्तर्गत दुर्गम क्षेत्रका ज्यान जोखिममा परेका ५९ जना गर्भवती तथा सुत्केरी महिलाहरूको हवाई उद्धार गरी स्वास्थ्य सेवा प्रदान गरेको छ (महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, २०७६)।

- अर्थ मन्त्रालयको आर्थिक सर्वेक्षण प्रतिवेदन (२०७६) अनुसार माध्यमिक तह (कक्षा ९ देखि १२) मा खुद भर्नादर केवल ४७.६% मात्र रहेको छ र सोही कक्षामा कुल शिक्षक मध्ये महिलाको संख्या १९.८% रहेको छ। साथै कक्षा १ देखि ८ को खुद भर्नादर लैङ्गिक समानता सूचाङ्कमा ०.९८ रहेको छ (शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, २०७६)।

- बालश्रमको सन्दर्भमा हेर्ने हो भने केन्द्रीय तथ्याङ्क विभागबाट सम्पादन गरिएको नेपाल बहुक्षेत्रीय क्लस्टर सर्वेक्षण, २०७१ (सन् २०१४) अनुसार ५ देखि १७ वर्ष उमेर समूहका ३७.४% बालबालिका बालश्रममा संलग्न रहेको पाइएको छ। यस मध्ये साप्ताहिक १४ घण्टाभन्दा बढी काममा संलग्न भएका बालबालिकाको संख्या १५.२% (बालक १२.३ र बालिका १७.६) रहेको देखिएको छ।

- राष्ट्रिय बालअधिकार परिषद् (२०७६) अनुसार दक्षिण एशियाली मुलुकहरूमा बंङ्गलादेश र भारत पछि नेपाल बालविवाह हुने तेस्रो देशमा परेको देखिएको छ। आर्थिक वर्ष २०७५/०७६ मा बालविवाह भएका १९६ जना बालबालिकामध्ये ७५ जनाको (३८%) अभिभावकबाट र आफू खुशी नै विवाह गरेका १२१ जना (६२%) रहेको देखिएको भएतापनि नेपाल प्रहरीमा बालविवाह विरुद्धका ८८ घटनाको उजुरी परेको पाईन्छ।

- आर्थिक वर्ष २०७६/७७ मा २१४ वटा बलात्कारका घटना मध्ये १४६ जना (६८.२२ प्रतिशत) बालिकाहरू बलात्कारबाट पीडित भएका थिए (सि.आर.जी., सन् २०२०)।

- आ.व. २०७६/७७ मा हराएका बालबालिकाको संख्या २७२९ जना (बालक ८३१ र बालिका १८९८) रहेका छन्। फेला परेका बालबालिका २२१९ (बालक ६९०, बालिका १५२९) रहेका छन् (राष्ट्रिय बालअधिकार परिषद्, २०७७)।

- आ.व. २०७५/०७६ मा जवरजस्ती करणीबाट देशभर १,४२० जना बालिका पीडित भएको घटना दर्ता भएको देखिन्छ। आ.व. २०७५/७६ मा नेपालबाट मानव बेचबिखनको सिकार भएका बालिकाहरूको संख्या १३९ रहेको प्रहरीप्रधान कार्यालयको तथ्याङ्क रहेको छ।

- केन्द्रीय तथ्याङ्क विभागको बहुसूचक क्लस्टर सर्वेक्षण (सन् २०१४)ले जन्मदर्ता दर ५८.१ प्रतिशत (बालक ५९.२ र बालिका ५७.०) पुगेको देखिएको छ।

- बालसुधार गृहमा रहेका बालबालिकाको संख्या ८२१ मध्ये, २३ जना बालिकाहरू रहेका छन् (राष्ट्रिय बालअधिकार परिषद्, २०७७)।

- एक्प्याट लग्जमवर्गले सन् २०१७ मा काठमाडौं उपत्यकामा ४५२ जना बालबालिकामाथि गरेको एक सर्वेक्षण अनुसार २० प्रतिशत बालबालिकाले कम्तिमा एकपटक अश्लील सामग्री हेर्ने बताएका छन्। इन्टरनेट चलाउने कुल बालबालिकाको संख्यामध्ये १३.७% बालबालिका अनलाइन दुर्व्यवहारको सिकार हुने गरेको पाइएको छ। यसरी दुर्व्यवहारमा पर्नेमा ४७ प्रतिशत बालक र ५३ प्रतिशत बालिका रहेको देखिन्छ।

- आ.व. २०७५/७६ मा देशभरी रहेका ५३३ बालगृहहरूमा आश्रित बालबालिका १५,५६५ (७,४१२ बालक र ७,६३३ बालिका) रहेका छन् (राष्ट्रिय बालअधिकार परिषद्, २०७७)।

- बालमैत्री स्थानीय शासन राष्ट्रिय मञ्चको अनुसार नेपालमा विगतमा धेरै स्थानीय तहहरू बालमैत्री अभियानमा संलग्न भएका भएपनि, संघीय संरचना लागु भईसकेपछि ४ वटा नगरपालिका, १ वटा गाउँपालिका र ४८ वटा वडाहरू बालमैत्री घोषणा भएका छन्। बालमैत्री स्थानीय शासनलाई थप प्रभावकारी बनाउन सकेमा बालिकाको विकासमा पनि थप योगदान पुग्न सक्नेछ।

- राष्ट्रिय बालअधिकार परिषद्को तथ्याङ्क अनुसार नेपालमा २६ हजार भन्दा बढी बालक्लवहरू रहेका छन् र तिनीहरूमा ५ लाख भन्दा बढी बालबालिका संगठित र सक्रिय छन् यसको आधाभन्दा बढी नेतृत्व बालिकाहरूले गरिरहेका छन्।

- बालबालिकाको क्षेत्रमा भएका लगानीहरूको समष्टिगत तथ्याङ्कहरू एकिकृत रूपमा अध्ययन गर्ने गरिएको छैन। नेपाल सरकारको बजेट संकेतमा बालअधिकार वा बालबालिका शीर्षक तोकिएको छैन। यद्यपी बालबालिका शान्ति क्षेत्र राष्ट्रिय अभियान नेपालले विगत २०७२ देखि गरी आएको बजेट विश्लेषणले बालबालिकाको क्षेत्रमा नेपाल सरकारको बजेटको ४% भन्दा पनि कम लगानी भएको देखाउँछ।

- विगतमा बालमैत्री स्थानीय शासन रणनीतिका कारण प्रत्येक स्थानीय तहले पुँजीगत बजेटको न्यूनतम १०% लगानी बालबालिकामा गर्ने गरेका थिए। तर हालको स्थानीय तह संरचनामा भएको परिवर्तनले उक्त अभ्यासको निरन्तरता रोकिएको छ।

- विश्वव्यापी आवधिक समीक्षाको दोस्रो चक्रमा नेपाल सरकारलाई पेश गरेको १५२ सुझावहरू मध्ये ५० वटा सुझावहरू बालबालिकासँग सम्बन्धित थिए। ती ५० सुझावहरू मध्ये नेपाल सरकारले ३ वटा सुझावहरू अस्वीकार गरेको थियो भने २ वटा विचाराधिनमा राखिएको थियो।

# बालिका अधिकार, विकास र सुरक्षाका लागि नेपालका नीतिगत प्रयासहरू

नेपालले बालअधिकार संरक्षण र सम्वर्द्धनलाई संवैधानिक रूपमा नै स्वीकार गरेको छ। संविधानको मौलिक हक अन्तर्गत धारा ३९ मा बालबालिकाको हकको व्यवस्था गरेर, शिक्षा तथा स्वास्थ्य सम्बन्धी र शोषण विरुद्धका हकलाई मौलिक हकका रूपमा स्थापित गरेर र बालबालिकाको सर्वोत्तम हितलाई राज्यको नीतिको रूपमा स्वीकार गरेर नेपालको बालअधिकार प्रतिको प्रतिवद्धतालाई अझ मजबुत बनाएको पाइन्छ। नेपालको संविधान अन्तर्गत बनेका नियम तथा कानूनहरूले बालिका अधिकार, संरक्षण तथा विकासका सन्दर्भमा धेरै कानूनी व्यवस्थाहरू गरेका छन्।

नेपाल संयुक्त राष्ट्र संघबाट अनुमोदित ९ वटा अन्तर्राष्ट्रिय मानव अधिकार महासन्धिहरू मध्ये ७ वटाको पक्ष राष्ट्र हो। ती मानव अधिकार महासन्धिहरूले बालिका र महिलाको समानता तथा अधिकारको पक्षमा राज्यको दायित्व रहने व्यवस्था गरेका छन्। मानव अधिकारको कार्यान्वयनका सन्दर्भमा पक्ष राष्ट्रहरूको सम्मान, संरक्षण र परिपूर्तिको दायित्व रहेको छ। नेपाल सरकारले महासन्धिमा तोकिए बमोजिम आवधिक प्रतिवेदनहरू संयुक्त राष्ट्र संघमा मानव अधिकार महासन्धि समितिसमक्ष पेश गर्नुपर्ने र उक्त प्रतिवेदनउपर आएका समापन टिप्पणी तथा सुझावहरूको कार्यान्वयन गर्नुपर्ने मान्यता र कानूनी व्यवस्था रहेको छ। बालिकासँग सम्बन्धित मानव अधिकार महासन्धिहरूको प्रावधानलाई निम्नानुसार उल्लेख गरिएको छ :

- संयुक्त राष्ट्र संघको बालअधिकार महासन्धि, १९८९ ले बालबालिकामा भेदभाव, हिंसा, शोषण र दुर्व्यवहारलाई अन्त्य गर्न राज्यको दायित्वको रूपमा व्यवस्था गरेको छ। त्यसैगरी शिक्षा, स्वास्थ्य र पोषण एवम् सहभागिताको अधिकारलाई सम्पूर्ण बालबालिकाको आधारभूत अधिकारको रूपमा व्यवस्था गरेको छ।
- संयुक्त राष्ट्र संघको महिलाविरुद्ध हुने सबै खाले भेदभाव निर्मूलन गर्ने महासन्धि (१९७९)ले महिला र बालिकालाई समाजका सबै क्षेत्रमा पुरुष र बालकसरह समान अधिकार प्रत्याभूत गरिनुपर्ने र कुनै पनि रूपमा महिला र बालिकाविरुद्धको भेदभाव गर्न नहुने कानूनी व्यवस्था गरेको छ। उक्त महासन्धिले बाल विवाहलाई कानूनतः निषेधित गर्न तथा माध्यमिक शिक्षामा बालिकाहरूको समान अवसर र सहभागिता सुनिश्चित गर्न राज्यले कानूनी व्यवस्था गरेको छ। त्यसैगरी नेपाल सरकारले मानव बेचबिखन विरुद्धको पालेर्मो प्रोटोकललाई अनुमोदन गरेको छ।
- अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी महासन्धी (सन् २००८) मा अपाङ्गता भएका बालिकाहरूले थप जोखिमता र भेदभाव भोग्नुपर्ने अवस्थालाई स्वीकार गर्दै राज्यले अपाङ्गता भएका महिला र बालिकाहरूलाई विशेष संरक्षणको व्यवस्था गर्नुपर्ने प्रावधान रहेको छ।

नेपालमा विद्यमान विविध कानूनहरूले बालिका संरक्षण र अधिकारको सवाललाई सम्बोधन गर्दछन्। यस सन्दर्भमा केही प्रमुख व्यवस्थाहरू निम्न रहेका छन् :

- शिक्षाको हक सम्बन्धी ऐन, २०७५ का व्यवस्थाहरूमा अनिवार्य रूपमा बालबालिकालाई विद्यालयमा भर्ना गराउनु पर्ने (दफा ७) मासिक रूपमा छात्रवृत्ति प्रदान गर्न सकिने व्यवस्था (दफा २३), स्वास्थ्य उपचार (दफा २४) तथा दिवा खाजा सम्बन्धी व्यवस्था (दफा २५) उल्लेख गरिएको छ।
- जनस्वास्थ्य सेवा ऐन, २०७५ का व्यवस्थाहरूमा बालबालिका, किशोरकिशोरीका लागि विशेष सामाजिक स्वास्थ्य

सुरक्षाका कार्यक्रमहरू कार्यान्वयन गर्न स्थानीय तह तथा प्रदेश सरकारले आवश्यक व्यवस्था मिलाउनु पर्नेछ भनी दफा ४७ को उपदफा १ मा स्पष्ट व्याख्या गरिएको छ।

- सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य अधिकार ऐन, २०७५ को दफा (२) को खण्ड (ग) मा किशोरकिशोरी भन्नाले दश वर्षदेखि उन्नाइस वर्षको उमेर समूहको व्यक्ति सम्झनु पर्छ भनी परिभाषित गरिएको छ। साथै, दफा (३) को उपदफा (१) बमोजिम किशोरकिशोरीलाई यौन तथा प्रजनन् स्वास्थ्यसम्बन्धी शिक्षा, सूचना, परामर्श तथा सेवा प्राप्त गर्ने अधिकार हुनेछ भन्ने व्यवस्था गरिएको छ। दफा (१५) मा निश्चित अवस्थामा सुरक्षित गर्भपतन गर्न पाउने अधिकार, दफा (१६) मा बलपूर्वक गर्भपतन गराउन नहुने र दफा (१७) मा लिङ्ग पहिचान गरी गर्भपतन गर्न नहुने व्यवस्था उल्लेख छ। किशोरी तथा अपाङ्गमैत्री सेवा प्रदान गर्नुपर्ने दफा (२८) मा उल्लेख गरिएको छ।
- अपराध पीडितको हकसम्बन्धी ऐन, २०७५ का व्यवस्थाहरूमा फौजदारी अपराधबाट पीडित सबै व्यक्तिहरूलाई राज्यबाट पुनर्स्थापनाको सहायता हुने, सुनुवाइका दौरान सुरक्षा तथा सूचनाको हक हुने र अन्तरिम क्षतिपूर्तिको व्यवस्था गरिएको छ।
- बालबालिका सम्बन्धी ऐन, २०७५ का व्यवस्थाहरूमा दफा ५ मा भेदभाव विरुद्धको अधिकार, दफा ११ मा गोपनीयताको अधिकार, दफा ६६ मा बालबालिका विरुद्धको कसूरहरूको बारेमा उल्लेख गरिएको छ। उक्त ऐनले बालबालिका विरुद्ध हुने कसुरलाई सरकारवादी मुद्दाको सूचीमा उल्लेख गरेको छ भने बालअधिकार उल्लंघनको न्यायिक सुनवाईको व्यवस्था स्थानीय तह न्यायिक समितिबाट हुन सक्ने व्यवस्था गरेको छ।
- मुलुकी अपराध संहिता, २०७४ का व्यवस्थाहरूमा दफा १६० मा लिङ्गका आधारमा भेदभाव गर्न नपाइने, दफा १६३ मा दास बनाउन नहुने, दफा १६८ मा अपमानजनक वा अमानवीय व्यवहार गर्न नहुने दफा १७३ मा बाल विवाह गर्न नहुने, दफा १८८ मा करकापमा परेर गर्भपतन गर्न नहुने, दफा १८९ मा गर्भ पतन गराउन सक्ने, दफा २१९ मा जवर्जस्ती करणी गर्न नहुने, दफा २२५ मा बालयौन दुरुपयोग गर्न नहुने उल्लेख गरेको छ।
- मुलुकी देवानी संहिता २०७४ का व्यवस्थाहरूमा दफा १८ मा लिङ्गका आधारमा भेदभाव गर्न नपाइने, भाग-३ दफा ७० देखि ७२ सम्म २० वर्ष भन्दा मुनिको व्यक्ति बीच विवाह हुन नहुने र भईहाले सो विवाह बदर हुने प्रावधान, दफा १२७ मा आमाबाबुले आफ्नो छोराछोरीको बीच कुनै किसिमले भेदभाव गर्न नपाइने उल्लेख गरेको छ।
- बालश्रम निषेध र नियमित गर्ने ऐन, २०५६ ले १४ वर्षभन्दा कम उमेरका बालबालिकालाई कुनै पनि श्रममा र १८ वर्षभन्दा कम उमेरका बालबालिकालाई जोखिमपूर्ण श्रममा लगाउन नपाइने र लगाएमा सजायको व्यवस्था गरेको छ।
- मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण र सजाय गर्ने ऐन, २०६४ ले मानव ओसारपसार तथा बेचबिखन गर्न नपाइने र गरेमा बालबालिका बिरुद्ध कसुर गरेको भए थप सजाय हुने, ऐनले उद्धारसम्बन्धी तथा पूर्नस्थापनाको जिम्मेवारी नेपाल सरकारको रहने व्यवस्था गरेको छ। यो जिम्मेवारी विदेशमा बेचिएका व्यक्तिको उद्धारका लागि पनि लागु हुनेछ र यसका लागि पारस्परिक कानूनी व्यवस्था गर्नुपर्ने रहन्छ। सजायको छुट हुने व्यवस्थामा पनि बालबालिका बेचबिखन वा ओसारपसार गरेकोमा छुट नहुने व्यवस्था छ।
- सन् २०१५ सेप्टेम्बरमा संयुक्त राष्ट्र-संघको महासभाबाट पारित दिगो विकास लक्ष्य र कार्यक्रमहरू सन् २०३० सम्म सदस्य राष्ट्रहरूको विकासका नीति, कार्यक्रम तथा योजनाहरूका लागि मार्गदर्शक दस्तावेज हो। नेपालले पनि दिगो विकास लक्ष्य र यसका सूचकहरू बमोजिम आफ्नो राष्ट्रिय दिशानिर्देश तय गरिसकेको छ र १६ लक्ष्यहरू अन्तर्गत ४७९ सूचकहरू तयार गरी कार्यान्वयनका साथै स्थानीयकरणमा अगाडि बढी सकेको छ।
- नेपालको बालबालिका सम्बन्धी नीति, २०६९ ले बालिका विरुद्धको विभेदलाई अन्त्य गर्न कानूनी, नीतिगत र कार्यक्रमिक प्रयासहरू लागु गर्ने नीति लिएको छ।

- नेपालको स्वास्थ्य क्षेत्र रणनीति, (२०७२-२०७७)मा नवजात शिशु र बालरोगको एकिकृत व्यवस्थापनका लागि छुट्टै लक्ष्य, परिलक्ष्य, उद्देश्य, रणनीति र कार्यहरू समावेश गरिएको छ। बालस्वास्थ्य सम्बन्धी कार्यक्रमहरूको नतिजा स्वरुप शिशु र बालस्वास्थ्यमा सुधार आएको छ। केही प्रदेशहरूमा एक विद्यालय एक नर्स कार्यक्रम सञ्चालनमा छ।

- प्रजनन् र यौन स्वास्थ्यको विषयमा किशोरकिशोरीले अनुभव गरेका समस्याहरू सम्बोधन गर्न राष्ट्रिय किशोरकिशोरी स्वास्थ्य र विकासको रणनीति, २०५७ लाई २०७४ सालमा पुनरावलोकन तथा सुधार गरिएको छ। यस रणनीतिले किशोरकिशोरीको यौन तथा प्रजनन् स्वास्थ्यमा सुधार गर्ने लक्ष्य लिएको छ भने किशोरकिशोरी स्वास्थ्य र विकास सम्बन्धी सूचनाको उपलब्धता र सरोकारवालाहरूको उक्त सूचनामा पहुँच बढाउने तथा व्यापकरूपमा चेतना जागरण गर्ने लगायत किशोरकिशोरी मैत्री स्वास्थ्य सेवा विस्तार गर्ने उद्देश्यहरू रहेका छन्।

- पन्ध्रौं योजना (२०७६/०७७-२०८०/०८१)को आधार-पत्रले बालअधिकार सुनिश्चित भएको बालमैत्री समाजको परिकल्पना वा सोच लिएको छ। यसका उद्देश्यहरूमा- क) बालबालिका तथा किशोरकिशोरीको अधिकारको संरक्षण र प्रवर्द्धन गर्नु, ख) बालबालिका तथा किशोरकिशोरीमैत्री वातावरण सिर्जना गर्नु, ग) बालबालिका तथा किशोरकिशोरी विरुद्ध हुने शारीरिक र मानसिक लगायत सबै प्रकारका हिंसा, विभेद, दुर्व्यवहार, शोषण र उपेक्षाको अन्त्य गर्नु रहेका छन्। यी उद्देश्यहरू प्राप्तिका लागि सातवटा रणनीतिहरू तय गरिएका छन्।

- विद्यालय क्षेत्र विकास योजना (सन् २०१६/०१७–२०२२/०२३) मा अनुकुल वातावरण अन्तर्गत र छात्रछात्राका लागि छुट्टाछुट्टै शौचालय, पानी तथा सरसफाइ लगायत सिकाइ वातावरणमा लैङ्गिक संवेदनशीलताका पक्षहरू क्रमशः समावेश गर्दै जाने, रणनीतिक कार्यक्रमहरू अगाडि बढाइने नीति व्यवस्था गरिएको छ।

- श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले जारी गरेको दोस्रो १० वर्षे बालश्रम निवारण सम्बन्धी राष्ट्रिय गुरुयोजना (२०७४-२०८३) लागू गरेको छ।

- बालमैत्री एवम् लैङ्गिक समानतायुक्त समाजको निर्माण गर्ने दिशामा योगदान पुऱ्याउने परिकल्पनाका साथ २०८७ सम्ममा बालविवाह अन्त्यका लागि राष्ट्रिय रणनीति, २०७२ जारी भएको छ। यस रणनीतिमा बालिका र किशोरीको सशक्तिकरण शीर्षक अन्तर्गत राष्ट्रियदेखि स्थानीय स्तरसम्मका सरकारी, गैरसरकारी तथा निजी क्षेत्रबीच समन्वय गरी विवाहित र अविवाहित बालबालिका विशेष गरी विद्यालय बाहिर रहेका बालिका र उनीहरूको परिवारलाई आत्मनिर्भर बनाउन आवश्यक स्रोत र अवसरहरूको पहिचान गरी उनीहरूको पहुँच सुनिश्चित गर्ने प्रतिवद्धता व्यक्त गरिएको छ। रणनीतिले बालविवाह मुक्त स्थानीय तहमा अभियान सञ्चालन गर्ने योजना अघि सारेको छ।

- प्रदेश १ ले २०८२ सालसम्ममा बालविवाहमुक्त प्रदेश घोषणा गर्ने, बागमती प्रदेशले २०७८ सम्ममा बालविवाहमुक्त गर्ने, प्रदेश २ ले "बेटी बचाऊ, बेटी पढाऊ" अभियानमार्फत बालविवाहलाई न्यूनीकरण गर्ने, सुदूरपश्चिम प्रदेशले "सानै छु म, बढ्न देऊ, बालविवाह हैन, पढ्न देऊ" अभियान सञ्चालन गरेको छ। स्थानीय तहबाट बालविवाह निराकरणका लागि बिमा गर्ने नीति समेत लिएका घटना प्रकाशमा आएको छ। साथै प्रदेशले बालमैत्री स्थानीय शासन प्रवर्द्धन गरी आफ्नो प्रदेशलाई क्रमशः बालमैत्री किशोरीमैत्री बनाउँदै जाने प्रतिबद्धता समेत व्यक्त गरेका छन्।

- नेपाल सरकारद्वारा अपाङ्गता अर्थात फरक क्षमता भएका व्यक्तिका लागि समावेशी शिक्षा नीति, २०७३ जारी भएको छ।

- नेपाल सरकारद्वारा तेजाब तथा अन्य घातक रासायनिक पदार्थ (नियमन) अध्यादेश, २०७७ जारी भएको छ।

# नेपालमा बालिकाको हक अधिकारका लागि संरचनागत व्यवस्थाहरू

नेपालमा बालिकाको हक र अधिकारका लागि विशेष संरचनागत व्यवस्थाहरू नीतिगत रूपमा गरिएको छैन। यद्यपी राज्य संरचनाका काम, कर्तव्य र अधिकार क्षेत्रहरूको विश्लेषण गर्दा बालबालिका तथा महिलासँग सरोकार राख्ने राज्य संरचनाहरू नै बालिकाको लागि पनि जिम्मेवार संरचनाको रूपमा रहेका छन्।

- स्थानीय तहको सरकार (गाउँपालिका तथा नगरपालिका) नै बालिकाहरूका लागि शिक्षा, स्वास्थ्य, सहभागिता तथा खेलकुद र संरक्षण एवम् भेदभाव रहितको सुनिश्चितता गर्न आवश्यक नीतिगत र कार्यक्रम सञ्चालन गर्ने प्रमुख जिम्मेवार निकाय रहेको छ। स्थानीय तह र वडा कार्यालयहरू नै बालश्रम, बालबालिकाको बेचबिखन, बाल विवाह तथा छाउपडी जस्ता अभ्यासहरू अन्त्य गर्न नेतृत्व गर्ने निकायको रूपमा रहेको छ।

- नेपालको बालबालिकासम्बन्धी ऐन, २०७५ ले स्थानीय तहमा उपप्रमुख-उपाध्यक्ष वा उपप्रमुख वा उपाध्यक्षले तोकेको कार्यसमितिका सदस्यको संयोजकत्वमा बालअधिकार समिति गठन गर्ने, स्थानीय तहमा बाल अधिकार प्रवर्द्धन र संरक्षणका लागि स्थानीय बालकल्याण अधिकारी नियुक्त गर्ने व्यवस्था गरेको छ। त्यसैगरी स्थानीय तहमा शिक्षा समिति एवम् महिला तथा बालबालिका बेचबिखनविरुद्धका स्थानीय समितिहरू गठन गर्न सकिने कानूनी व्यवस्थाहरू रहेका छन्। बालबालिका सम्बन्धी ऐन, २०७५ ले स्थानीय तहको न्यायिक समितिलाई बालबालिकाको हक प्रचलन गराउन आवश्यक सुनवाई गर्ने अधिकार प्रदान गरेको छ। बालिकाहरूको विशेष अधिकार उल्लंघन तथा हनन् भएमा उजुरी तथा सुनुवाई गर्न स्थानीय न्यायिक समितिलाई जिम्मेवार बनाइएको छ।

- प्रदेश तहमा बालिकाहरूको सवाललाई प्रत्यक्ष रूपमा सम्बोधन गर्न जिम्मेवार निकायको रूपमा सामाजिक विकास मन्त्रालय रहेको छ भने बालिकाको लागि सुरक्षित समाज तथा उनीहरू विरुद्ध हुन सक्ने अपराध नियन्त्रणका लागि प्रदेशको आन्तरिक मामला मन्त्रालय जिम्मेवार निकायको रूपमा रहेको छ। प्रदेश सभामा बालबालिकाको विषय हेर्ने जिम्मेवार संसदीय समितिले बालिकाहरूको सवालमा छलफल गर्ने र प्रदेश मन्त्रालय तथा सरकारलाई आवश्यक कार्वाहीका लागि सिफारिस एवम् निर्देशन दिन सक्दछ। बालबालिका सम्बन्धी ऐन, २०७५ ले प्रत्येक प्रदेशमा सामाजिक विकास मन्त्रीको संयोजकत्वमा प्रदेश बालअधिकार परिषद् गठन गर्ने व्यवस्था गरेको छ। उच्च अदालतबाट बालबालिकाको हक प्रचलन गराउने अधिकार प्रदान गरिएको छ।

- संघमा नेपाल सरकारले महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय र राष्ट्रिय बालअधिकार परिषद्को व्यवस्था गरेको छ। संघीय प्रहरीमा महिला बालबालिका सेवा केन्द्र तथा निर्देशनालय, संघीय अस्पतालहरूमा एकद्वार संकट व्यवस्थापन सेवा केन्द्रहरू सञ्चालनमा रहेका छन्। बालिका शिक्षा तथा प्राविधिक सीप विकास कार्यक्रमहरूका लागि शिक्षा मन्त्रालय जिम्मेवार निकायको रूपमा रहेको छ भने स्वास्थ्यका विशिष्ट विषयलाई सम्बोधन गर्न स्वास्थ्य तथा जनसंख्या मन्त्रालय जिम्मेवार निकायको रूपमा रहेको छ। त्यसैगरी संघीय संसदमा महिला बालबालिका तथा समाज कल्याणका विषयलाई सम्बोधन गर्न एक विशेष समिति रहेको छ। राष्ट्रिय मानव अधिकार आयोग तथा राष्ट्रिय महिला आयोगले बालिकाहरूको विशेष सवाल र समस्यामा राज्यको ध्यानाकर्षण गर्न सक्दछ।

# नेपालमा बालिकाका प्रमुख सवालहरू

- नेपालमा लैङ्गिक पहिचान सहित भ्रुर्ण हत्या गैर कानूनी रहे पनि निरन्तर घटिरहेको बालिका जन्मदर, ५ वर्ष मुनीको बाल मृत्युदरमा बालिकाको अनुपातले नेपालमा बालिकाहरू गर्भावस्थादेखि नै विभेद र जन्मिए पछि पनि पोषण तथा स्वास्थ्यका सवालमा भेदभावको सिकार भएको प्रमाणित हुन्छ। त्यसैले बालिकाको सुरक्षित जन्म र समान पोषण तथा स्वास्थ्य सेवाको अधिकारलाई सुनिश्चित गर्न परिवार, समाज, स्थानीय, प्रदेश र संघीय तहबाट नै नीतिगत तथा कार्यक्रमको व्यवस्था लागु गर्न जरुरी छ।
- माध्यमिक शिक्षाबाट उत्तीर्ण हुने दर, सिकाइस्तर, उच्च शिक्षाका रोजाइका क्षेत्रहरू र भर्ना भएका संख्यालाई हेर्ने हो भने बालिकाहरू बालकको तुलनामा धेरै नै पछाडि परेको देख्न सकिन्छ। अध्ययनहरूका अनुसार विद्यालयमा हुने लैंङ्गिक विभेद तथा बालिकाको आवश्यकतामा आधारित सेवा सुविधाको अभाव, सामाजिक चेतना तथा शिक्षकहरूको बालिका मैत्री व्यवहारको अभावले यो परिस्थिति सिर्जना भएको मान्न सकिन्छ। तसर्थ बालिकाहरू प्रतिको सम्मानपूर्ण, संवेदनशील र सुरक्षित व्यवहार तथा संरचनाको व्यवस्थाबाट मात्र शिक्षामा दिगो समानता प्राप्त गर्न सकिन्छ।
- खेलकुद लगायतका सहासिक र पर्यटनका क्षेत्रहरूमा बालिका र युवा महिलाको सहभागिता अत्यन्तै न्यून र परम्परागत शैलीको रहेको छ। खेल तथा पर्यटन क्षेत्रमा युवा महिला किशोरकिशोरीहरूले सुरक्षित र सहयोगी वातावरण पाइरहेका छैनन्। विशेष गरी महिला र किशोरीहरू प्रति हुने दुर्व्यवहार र भेदभावले यस क्षेत्रमा बालिका र किशोरीहरूको सहभागितामा तगारो सिर्जना गरेको छ।
- यौन तथा प्रजनन् स्वास्थ्य शिक्षा र सेवा नेपाली किशोरीहरूको एक प्रमुख सवाल हो। पर्याप्त र सही प्रजनन् स्वास्थ्य शिक्षाको अभावमा किशोरीहरूले अधिकतम यौन तथा प्रजनन् जिज्ञासाहरूको सही समाधान पाउन सकिरहेका छैनन्, कतिपय गलत अभ्यासहरू गर्न बाध्य छन् भने सामाजिक परम्परा र गलत मान्यताका कारण प्रजनन् स्वास्थ्यका सवाल र समस्यालाई आफैमा लुकाएर रोग र दुर्घटनाका सिकार भइरहेका छन्। बाल विवाह तथा किशोरी आमाहरूको संख्यामा उल्लेख्य ढंगले कमी आउन नसक्नुको कारण यौन तथा प्रजनन् स्वास्थ्य शिक्षा र सेवाको पहुँचमा देखिएका जटिलताहरू हुन्।
- सूचना प्रविधि मानिसको व्यक्तित्व विकास, ज्ञान र सीप हासिल गर्न तथा नवीनतम सूचना र जानकारीहरू प्राप्त गर्न एक महत्त्वपूर्ण साधन भइसकेको छ। यस परिस्थितिमा पनि नेपालका किशोरीहरू इन्टरनेट तथा सूचना प्रविधिको पहुँच र प्रयोगमा भने अत्यन्तै पछाडि रहेका छन्। सूचना र इन्टरनेटमा कम पहुँच भएकै कारण अवसरहरूबाट पछि पर्नुपर्ने बाध्यता किशोरीहरूको रहेको छ।
- पछिल्लो वर्ष नेपालमा महिला र बालिका विरुद्धको हिंसाको वारेमा सचेतना बढ्नुका साथै राज्यका निकायहरूको संवेदनशीलता र सम्बोधन पनि बढेको महसुस गर्न सकिन्छ। बढ्दो उजुरी, कार्वाही र न्यायिक निकायको सक्रियताले यसलाई पुष्टि गर्दछ। यद्यपी यस समस्याको सम्बोधन मात्र पर्याप्त हुँदैन, बरु महिला र बालिकाको संरक्षणको अनुगमन र नियमन तथा सुरक्षित संरचना, व्यवहार, पुर्वाधार र बस्तिहरूको आवश्यकता पर्दछ।

नेपालमा बालिका र महिला तथा लैंङ्गिक भेदभावको सवाल ३५ वटा भन्दा बढी कानूनहरूले सम्बोधन गरेका छन्। यसरी छरिएर रहेका कानूनी व्यवस्थाका कारण कतिपय अवस्थामा नियमहरू एक अर्कामा बाझिने र समग्रतामा लैंङ्गिक तथा बालिका विभेदलाई सम्बोधन गर्न सकिरहेका छैनन्। यसका लागि बालिका र महिला पक्षीय, सकारात्मक विभेद र आरक्षणको व्यवस्था सहितका कानूनी व्यवस्थाहरू आवश्यक हुन्छ। यस सिद्धान्तलाई नेपालको संविधानको समानताको हक अन्तर्गत पनि स्वीकार गरिएको छ।

# नागरिक संगठनहरूको अनुरोध

नागरिक संगठनहरू सरकार र राज्यसत्ताका सहयोगी तथा असल सहकर्मी हुन्। यस अर्थमा राज्यलाई बढी भन्दा बढी लोकतान्त्रिक, पारदर्शी, जनपक्षीय र प्रगतीशिल बनाउन नागरिक संगठनहरूले नागरिकका सवालहरूलाई राज्यका निकायसम्म एकिकृत रूपमा पुऱ्याउने कार्य गर्दछन् साथै राज्यका सकारात्मक नीतिगत र कार्यक्रमिक व्यवस्थाको प्रभावकारी कार्यान्वयनका लागि सहकार्य एवम् सहजीकरण तथा नागरिक अनुगमन र सचेतनाका कार्यहरू गर्दछन्। सारभूत रूपमा नै बालिका तथा किशोरीहरूको अवस्थामा सुधार गर्न र लैंङ्गिक समानतालाई स्थापित गर्न नागरिक संठनहरूले साझा रूपमा निम्न नीतिगत, संरचनागत र कार्यक्रमिक व्यवस्थाका लागि अनुरोध गर्दछन्ः

- लैंङ्गिक समानता सम्बन्धी एकिकृत विशिष्ट कानूनी व्यवस्था, अनिवार्य लगानीको व्यवस्था, बालिकालक्षित सामाजिक सुरक्षा कार्यक्रम, समान सहभागिताको अवसर, सुरक्षित समुदाय सुरक्षित विद्यालय सम्बन्धी नीति, सूचना प्रविधिको पहुँचमा समानता र सुरक्षा जस्ता नीतिगत व्यवस्था गरिनुपर्दछ।

- संघीय तहमा राष्ट्रिय बालअधिकार परिषद् अन्तर्गत स्वयम् बालिका तथा बालिकाका क्षेत्रमा कार्यरत नागरिक सञ्जालका प्रतिनिधिहरूको सहभागिता रहने गरी बालिका सरोकार उपसमिति र डेस्कको गठन, संघीय संसद (प्रतिनिधि सभा)मा बालबालिकाको विषय हेर्ने समिति अन्तर्गत बालिका विशेष कार्यदलको गठन, राष्ट्रिय महिला आयोगमा तोकिएको आयुक्तको संयोजकत्वमा बालिका डेस्कको स्थापना, राष्ट्रिय मानव अधिकार आयोगमा मानव अधिकार आयोगका आयुक्त प्रमुख रहने गरी महिला तथा बालिका अधिकार डेस्कको स्थापना र सञ्चालन र संघीय प्रहरी अर्न्तगत महिला तथा बालिकाको सवाललाई सम्बोधन गर्न विशेष निर्देशनालयको स्थापना र सञ्चालन जस्ता संरचनागत व्यवस्था गरिनु पर्दछ।

- प्रदेश तहमा सामाजिक विकास मन्त्रालय अर्न्तगत बालबालिका विभाग अन्तर्गत बालिका शाखाको स्थापना, प्रदेश बालअधिकार परिषद् अन्तर्गत स्वयम् बालिका सहित प्रदेशमा बालिकाको सवालमा कार्यरत नागरिक सञ्जालका प्रतिनिधिहरूको सहभागिता रहने गरी बालिका सरोकार उपसमिति र डेस्कको गठन, प्रदेश सभामा बालबालिकाको विषय हेर्ने समिति अन्तर्गत बालिका विशेष कार्यदल, प्रदेश नीति तथा योजना आयोगमा प्रदेशको नीति तथा योजना आयोगमा बालिका लक्षित कार्यक्रमहरू निर्माण, समन्वय र सञ्चालनका लागि नीतिगत र कार्यक्रमिक सुझाव प्रदान गर्न बालबालिका हेर्ने सदस्य अन्तर्गत अधिकृतस्तरको कर्मचारी सहित बालिका शाखा जस्ता संचरनागत व्यवस्था गरिनु पर्दछ।

- स्थानीय तहमा जिल्ला सभामा बालअधिकार तथा बालसंरक्षण हेर्ने समिति अन्तर्गत बालिका उपसमितिको गठन र सञ्चालन, गाउँपालिका तथा नगरपालिकामा स्थानीय बालअधिकार समिति अन्तर्गत बालिका विशेष कार्यदल, महिला बालबालिका एकाई अन्तर्गत बालिका डेस्कको स्थापना र सञ्चालन, प्रत्येक स्थानीय तहमा मनोविमर्श सेवा सहितको बाल हेल्पलाइन्को व्यवस्था, प्रत्येक वार्डमा बालिका अधिकार संरक्षण सम्बन्धी सचेतना अभिबृद्धिको लागि बजेटको व्यवस्था, विद्यालयमा माध्यमिक तहका सबै विद्यालयमा अनिवार्य रूपमा विद्यालय व्यवस्थापन समिति सदस्यको संयोजकत्वमा अविभावक शिक्षक संघ, महिला शिक्षक तथा दुई बालिकासहित रहने बालिका

अवस्था अनुगमन र सहजीकरण उपसमिति तथा प्रत्येक विद्यालयमा एकजना मनोसामाजिक विमर्शकर्ता र स्टाफ नर्सको व्यवस्था जस्ता संरचनागत व्यवस्था गरिनु पर्दछ।

- स्थानीय सार्वजनिक स्वास्थ्य संस्थाहरू अन्तर्गत प्रत्येक जिल्ला अस्पतालमा बालिका स्वास्थ्य र किशोरावस्थाका बारेमा प्रशिक्षण प्राप्त न्यूनतम २ जना महिला चिकित्सकको व्यवस्था। प्रत्येक स्वास्थ्य केन्द्र तथा स्वास्थ्य चौकीहरूमा बालिकाको विशेष स्वास्थ्य आवश्यकता र सवालहरूका बारेमा प्रशिक्षण प्राप्त स्वास्थ्य कर्मीको व्यवस्था जस्ता संचरनागत व्यवस्था गरिनु पर्दछ।

- प्रहरी चौकी तथा सेवा केन्द्रमा बालिकाविरुद्ध हुने हिंसा र अपराध तथा बालिकामैत्री व्यवहारबारे प्रशिक्षण प्राप्त महिला प्रहरीको नियुक्ति तथा जिल्ला प्रहरी कार्यालयमा न्यूनतम पनि प्रहरी निरीक्षकको नेतृत्वमा महिला तथा बालबालिका सेवा केन्द्रको स्थापना र सञ्चालन जस्ता संचरनागत व्यवस्था गरिनु पर्दछ।

- नेपालका नागरिक संगठनहरूबाट राष्ट्रिय प्रदेश तथा स्थानीय तहसम्म बालिका अधिकार सरोकार नागरिक सञ्जाल स्थापना गरी नागरिक संगठनहरूको एकिकृत तथा साझा अभियान सञ्चालन गर्न जरुरी देखिन्छ।

- बालिकाको पक्षमा सांस्कृतिक अभियानमा प्रदेश वा संघीय सरकारहरूले नेतृत्व लिने र यसमा गैसस, निजि क्षेत्र, सहकारी तथा सामुदायिक संगठन, धार्मिक सांस्कृतिक संघ संस्था, राजनीतिक संगठनहरूको एकिकृत परिचालन गर्न आवश्यक छ।

- नेपाल सरकारबाट सञ्चालित प्राविधिक शिक्षा तथा रोजगारी प्रवर्द्धन कार्यक्रममा १५ वर्ष भन्दा माथिल्लो उमेर समूहका बालिका तथा किशोरीहरूको भूमिकालाई बढाउन राष्ट्रिय बालअधिकार परिषद्, राष्ट्रिय युवा परिषद्, प्रदेश सरकार तथा स्थानीय सरकार, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्को समन्वयमा, निजि क्षेत्रको सहकार्यमा व्यवसायिक एवम् प्राविधिक शिक्षा तथा स्वरोजगारमूलक र अन्य रोजगारीका अवसरहरू सिर्जना गर्ने खालका विशेष कार्यक्रम लागु गरिनु पर्दछ।

- बालिका सुरक्षा र सुरक्षित शहर निर्माण अभियानमा बालिकाविरुद्ध हुने सबैखाले हिंसा अन्त्य गर्दै सुरक्षित शहर, समुदाय विद्यालय तथा कार्यस्थल प्रवर्द्धन गर्न तिनै तहका सरकारहरूले बालिका सुरक्षा र सुरक्षित शहरका लागि विशेष सामाजिक परिचालन, सचेतना र आचारसंहिता प्रवर्द्धनका कार्यक्रमहरू सञ्चालन गर्न जरुरी छ।

- बालिकाको क्षमता विकास कार्यक्रम अन्तर्गत बालिकाहरूलाई साहसिक खेलमा प्रवर्द्धन गर्ने, जिम्मेवार र सुरक्षित पर्यटन प्रवर्द्धन गर्ने र पर्यटन व्यवसाय तथा श्रम क्षेत्रमा बालिकाको सहभागिता बढाउन जरुरी छ।

- लैङ्गिक समानता तथा बालिका अवसरका लागि पुरुष अभियान मार्फत बालक तथा युवा एवम् किशोर पुरुषहरूको सहभागिता र संलग्नता प्रवर्द्धन गर्ने र बालिकाप्रतिको विभेद अन्त्यका लागि उनीहरूको संलग्नतामा अभियानहरू सञ्चालन गर्नका लागि बालक, किशोर तथा युवा पुरुष परिचालनमा लक्षित कार्यक्रमहरू सञ्चालन गर्न जरुरी छ।

- बालिका विरुद्धको हिंसा तथा अपराध अनुसन्धान र न्यायमा पहुँचको सुदृढीकरण गरी बालिकाहरूको न्यायमा पहुँचलाई सुदृढ र प्रभावकारी ढङ्गले प्रवर्द्धन गर्न अपराध अनुसन्धानका निकाय, न्यायिक क्षेत्रलाई बालिका संवेदनशील अपराध अनुसन्धान तथा मैत्रीपूर्ण न्यायिक प्रक्रिया प्रवर्द्धन गर्न लक्षित क्षमता विकास, संरचनागत सुधार, अनुगमन र कार्वाही तथा जन-उत्तरदायिका कार्यक्रमहरू सञ्चालन गर्न जरुरी छ।

- विपद्को समयमा बालिकाहरू माथि हुने दुर्व्यवहार, बालविवाह तथा बेचबिखन नियन्त्रण तथा अति आवश्यक सेवाहरू प्रदान गर्नका लागि विपद् व्यवस्थापनमा बालिका सम्बन्धित बुँदाहरू सम्बोधन गर्न आवश्यक छ।

- बालिका सशक्तिकरण, बालिकाहरूको नेतृत्व विकासलाई थप प्रभावकारी बनाउन बालक्लवमा समावेशी हुने गरी ५० प्रतिशत बालिकाहरूको सहभागिता सुनिश्चित गरिनुपर्दछ।

- अन्तर्राष्ट्रिय बालिका दिवस अक्टुबर ११ लाई नेपाल सरकारको तर्फबाट नियमित र संस्थागत रूपमा मनाउन व्यवस्था गरिनुपर्दछ।

- बालिका तथा किशोरी सम्बन्धी भएका संवैधानिक तथा राष्ट्रिय, अन्तर्राष्ट्रिय ऐन, कानून, यु.पि.आर.का सिफारिस, नीति, नियम, कार्ययोजना, कार्यविधिहरू र भएका संरचनाहरूको, प्रभावकारी कार्यन्वयन गर्नका साथै थप उपलब्धी हासिल गर्न बालबालिकाको लागि १० वर्षे योजनामा र नेपाल सरकारका नीति तथा कार्यक्रम र बजेटमा बालिका तथा किशोरीको विषयलाई विशेष महत्त्व दिनुपर्दछ। तथा स्थानीय तहमा बालबालिकासम्बन्धी स्थानीय कानून बनाउँदा बालिका र किशोरीहरूको सन्दर्भमा विशेष ध्यान दिनुपर्दछ।

- बालबालिका सम्बन्धी नयाँ नियमावली ल्याउँदा र बालबालिका सम्बन्धी ऐन संसोधन गर्दा बालिका तथा किशोरीको विषयलाई विशेष प्राथमिकता दिईनु पर्दछ।

# सन्दर्भ सामग्रीहरू


नेपालको संविधान, २०७२

बालबालिका सम्बन्धी ऐन, २०७५

बाल श्रम (निषेध र नियमित गर्ने) ऐन, २०५६

मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४

मुलुकी देवानी संहिता, २०७४

Aryal, K.K., Mehta, R. K., Chalise. B., Mehata, S., Sapkota, F., Dhimal, M., Jha, BK., Karki, K. B. (2016). *Adolescent nutrition survey in Nepal, 2014.* Kathmandu: Nepal Health Research Council.

Central Bureau of Statistics. (2018). *Report on the Nepal labour force survey, 2017/18.* Kathmandu: Author.

Children as Zone of Peace Campaign Nepal. (2019). *Budget for children analysis report.* Kathmandu: Author.

Ministry of Health and Population. (2011). *Nepal adolescent and youth survey 2010/11 Highlights*. Kathmandu: Government of Nepal.

Ministry of Health. (2016). *Nepal demographic and health survey*. Kathmandu: Author.

Ministry of Women, Children and Social Welfare. (2069). *National children policy, 2069*. Kathmandu: Author.

National Child Rights Council; Status of Children in Nepal Report (2077);Pulchowk, Lalitpur.

National Human Rights Commission. (2019). *Trafficking in person report.* Kathmandu: Author.

National Planning Commission. (2018). *Nepal's multidimensional poverty index: Analysis towards action.* Kathmandu: Author.

State Planning Comission, State No. 3. (2017). *Local government status paper (2075),* Kathmandu: Ministry of Health, Nepal.

Thapa, B., Powell, J., Yi, J., McGee, J., Landis, J., Rein, et al. (2017). Adolescent health Risk and behavior Survey: A school based survey in central Nepal. *Kathmandu Univ Med J,*60(4),301-7.

प्रकाशक

Jagriti Child and Youth Concern Nepal
जागृति बाल तथा युवा सरोकार नेपाल

सहकार्य

सहयोग

KANALLAN
GIVING RIGHT NOW


थप जानकारीका लागि

**Jagriti Child and Youth Concern Nepal (JCYCN)**

**Central Contact Office:**
Lalitpur Metropolitan City-03, Nayabato, Sanepa, Nepal
Phone: +977-01-5554717

**Corporate Office:**
Devchuli Municipality-15,
Nawalparasi, Nepal

**Email :** jcycn2001@gmail.com, info@jagritinepal.org | **Website:** http://www.jagritinepal.org
**Facebook:** https://www.facebook.com/JCYCNepal